प्रभाव दैनिक
National Daily

वर्ष ९ अंक ४ काठमाडौं बुधबार, १४ वैशाख २०७९ Prabhab National Daily, Wednesday, April 27 , 2022 URLwww.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

एक लाख ५० जनाको उम्मेदवारी दर्ता

प्रमुखमा तीन हजार ४६६, अध्यक्षमा तीन हजार ३७८, उपप्रमुखमा दुई हजार १३६ र उपाध्यक्षमा दुई हजार ३९२ जनाको उम्मेदवारी

प्रभाव संवाददाता

काठमाडौं– वैशाख ३० गतेका लागि तय स्थानीय तह निर्वाचनका लागि विभिन्न पदमा एक लाख ५० हजार ४९४ मनोनयन दर्ता भएको छ। यद्यपि, केही क्षेत्रका अद्यावधिक हुन बाँकी रहेकाले यो संख्या बढ्ने आयोगले जनाएको छ।

कूल ३५ हजार २२१ पदका लागि उल्लिखित संख्यामा उम्मेदवारी परेको हो । प्रमुखमा तीन हजार ४६६, अध्यक्षमा तीन हजार ३७८, उपप्रमुखमा दुई हजार १३६ र उपाध्यक्षमा दुई हजार ३९२ को मनोनयन परेको निर्वाचन आयोगले जनाएको छ । यसैगरी, वडाध्यक्षमा ३४ हजार ९४३, महिला सदस्यमा २६ हजार ६३, दलित महिला सदस्यमा २३ हजार ४७० र वडा सदस्यमा ५४ हजार ६४६ जनाको उम्मेदवारी मनोनयन दर्ता भएको छ।

प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष तथा वडाध्यक्ष पदमा सबैभन्दा बढी उम्मेदवारी नेकपा (एमाले)बाट परेको छ । निर्वाचन आयोगको पछिल्लो विवरणअनुसार प्रमुख पदमा एमालेबाट २८८ जनाको उम्मेदवारी परेको छ । त्यस्तै, अध्यक्ष पदमा ४४६ जनाको उम्मेदवारी दर्ता भएको छ । एमालेबाट दलबाट उपप्रमुख र उपाध्यक्षमा क्रमश: २८३ र ४४५ उम्मेदवारी परेको छ।

त्यस्तै, एमालेबाट वडाध्यक्ष पदमा छ हजार ४६८ जनाको उम्मेदवारी दर्ता गरेको आयोगले जनाएको छ । स्वतन्त्रबाट प्रमुख पदमा एक हजार ३७६ र अध्यक्ष पदमा एक हजार २४ जनाको उम्मेदवारी परेको आयोगको तथ्यांक छ।

सत्तारुढ दल नेपाली कांग्रेसबाट प्रमुख पदमा २६३ र अध्यक्षमा ३८२ जनाको उम्मेदवारी परेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रमुख पदमा २४८ जनाको उम्मेदवारी परेको छ। अध्यक्ष पदका लागि २९१ जनाको उम्मेदवारी परेको छ।

उपप्रमुख पदमा राष्ट्रिय प्रजातन्त्र पार्टीले सत्तारुढ दल कांग्रेसलाई उम्मेदवारी दर्तामा उछिनेको छ । उपप्रमुखमा राप्रपाबाट २२७ उम्मेदवारी परेको छ भने नेपाली कांग्रेसबाट २१० उम्मेदवारी परेको देखिएको छ।

उपाध्यक्ष पदका लागि कांग्रेसबाट ३५९ जनाको उम्मेदवारी परेको छ भने माओवादी केन्द्रबाट सोही पदमा ३१४ जनाको उम्मेदवारी दर्ता भएको छ। त्यस्तै, वडाध्यक्षमा कांग्रेसबाट छ हजार ७७, माओवादी केन्द्रबाट चार हजार ३८५ र स्वतन्त्रबाट पाँच हजार ८३१ जनाको उम्मेदवारी परेको छ।

घोषणापत्रलाई लिएर एमाले–कांग्रेस नोकझोंक

सार्वजनिक कार्यक्रममा मात्र होइन, लिखित दस्तावेजका रूपमा रहने घोषणापत्रमा पनि दलहरूले एकअर्कालाई गाली गर्न बाँकी छाडेका छैनन्। जनताले कसका कुरा पत्याउँछन् र कसलाई निर्वाचित गर्छन्, त्यसका लागि अब केही हप्ता मात्र बाँकी छ।

प्रभाव संवाददाता

काठमाडौं– प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली विपक्षीलाई प्रहार गर्नमा माहिर नेतामध्ये पर्छन्। वाकपटुताको भरपुर प्रयोग गर्ने गरेका ओली आफ्ना विपक्षीलाई तीखो प्रहार गरिरहन्छन्। उनको यही शैली मंगलबार पनि दोहोरियो। र, निशानामा पऱ्यो प्रमुख प्रतिस्पर्धी नेपाली कांग्रेस।

मनमोहन अधिकारीको २३औं स्मृति दिवसको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा ओलीले अधिकांश समय विपक्षीको आलोचना गर्नमै खर्चिए। एमाले विभाजन गरेर नयाँ पार्टी गठन गरेका माधवकुमार नेपाल मात्र होइन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'प्रति ओली असहिष्णु देखिए। कांग्रेसप्रति त झन् बेस्सरी खनिए। उनले यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि कांग्रेसले हालै सार्वजनिक गरेको घोषणापत्रप्रति बढी कटाक्ष गरे।

उनले कांग्रेसको घोषणपत्रलाई 'पागलहरूको प्रलाप' भन्दै हियाए। कांग्रेसको घोषणापत्र राजनीतिक दस्तावेज नै नभएको ओलीले टिप्पणी गरे। 'कांग्रेसको घोषणापत्र कुनै राजनीतिक दस्तावेज होइन। त्यसलाई राजनीतिक दस्तावेजको दर्जा दिन सकिँदैन। पागलहरूको प्रलाप हो त्यो। घोषणापत्रमा मुख छाड्ने, गाली गर्ने, तथानाम बोल्नेबाहेक केही पनि छैन,' ओलीले भने, 'कसरी राजनीतिक दस्तावेज हुन्छ ? केही नै छैन। जम्माजम्मी धारेहात लगाएको छ। एमाले, एमाले, पाँच वर्ष खेर गयो आदि इत्यादि।'

ओलीले यसरी आफ्नो पार्टी र घोषणापत्रप्रति तुच्छ टिप्पणी गरेको कांग्रेस नेताहरूलाई भने मन परेन। उनीहरूले ओलीलाई जवाफ फर्काएका छन्। महामन्त्री विश्वप्रकाश शर्माले सामाजिक सञ्जालमार्फत् ओलीको अभिव्यक्तिको प्रतिवाद गरेका छन्। उनले एमालेको जस्तो 'उडन्ते सपनाहरूको गफको पुलिन्दा' लेख्न कांग्रेसलाई नआएको बताएका छन्।

'मंगलग्रहमा माछा पालन र चन्द्रमामा च्याउ खेतीको सपना देखाउन मात्रै बाँकी राख्नुभएको छ तपाईंले। माफ गर्नोस् श्रद्धेय कमरेड ! उडन्ते सपनाहरूको गफको पुलिन्दा लेख्न कांग्रेसलाई आएन,' शर्माले लेखेका छन्, 'सपना त्यो हो जो जिम्मेवार ढंगले धरातलमा उभिन्छ। जमिनमा टेकेर गर्न सकिने कामहरू मात्रै उल्लेख कांग्रेसको घोषणापत्र श्रद्धेय ओलीलाई मन

(बाँकी पृष्ठ ३ मा)

नेकपा (एमाले)को घोषणापत्र
स्थानीय तह निर्वाचन २०७९
नेपाली कांग्रेसको सङ्कल्प
स्थानीय तह निर्वाचन-२०७९
स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगर
स्थानीय तह निर्वाचन २०७९

कांग्रेसको घोषणापत्र 'पागलहरूको प्रलाप' हो : *केपी ओली*

कांग्रेस उडन्ते सपनाहरूको गफको पुलिन्दा लेख्दैन : *विश्वप्रकाश शर्मा*

ओलीले आचारसंहिता उल्लंघन गरे, आयोगको ध्यानाकर्षण होस् : *प्रकाशशरण महत*

सन्दर्भ : वैदेशिक रोजगार

दलका घोषणापत्रमा वैदेशिक रोजगार

दलहरूले घोषणापत्रमा रोजगारीका लागि विदेश जाने श्रमिकका लागि तालिम दिनेदेखि विदेश जाने बाध्यता नै अन्त्य गर्नेसम्मका वाचा गरेका छन्।

वैदेशिक रोजगार
नेपाल कम्युनिस्ट पार्टी
जनता समाजवादी पार्टी, नेपाल
घोषणा-पत्र

प्रभाव संवाददाता

काठमाडौं– स्थानीय तहको निर्वाचन आउन अब १६ दिनमात्रै बाँकी छ। आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनका लागि सोमबार मनोनयन दर्ता भइसकेको छ । यसैबीच राजनीतिक दलले आफ्ना चुनावी घोषणापत्र तयार पारेर जनताको घरदैलोमा पुऱ्याइरहेका छन्।

दलहरूको घोषणापत्रमा वैदेशिक रोजगारीको विषयले पनि स्थान पाएको छ। दलहरूले जनतासामु प्रस्तुत गरेका घोषणापत्रमा रोजगारीका लागि विदेश जाने श्रमिकका लागि तालिम दिनेदेखि विदेश जाने बाध्यता नै अन्त्य गर्नेसम्मका वाचा गरेका छन् । त्यसैगरी राजनीतिक दलले विदेशमा रोजगारीका लागि गएका युवाले कमाएको रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नका लागि छुट्टै कोष निर्माण गरिने कुरा घोषणापत्रमा समेटेका छन्।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको घोषणापत्रमा 'एक स्थानीय तह, एक तालिम केन्द्र' निर्माण गरिने उल्लेख छ। त्यस्तै सत्तारुढ दल नेपाली कांग्रेसले श्रमको लागि वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यत्मक अवस्थालाई अन्त्य गर्ने कुरा घोषणापत्रमा उल्लेख गरेको छ। जनता समाजवादी पार्टी नेपालले वैदेशिक रोजगारीमा गएका युवाहरूले आर्जन गरेको रकमलाई जलविद्युत्लगायतका उत्पादनमूलक क्षेत्रका सेयरमा लगानी गर्ने उल्लेख गरेको छ। त्यसका लागि छुट्टै कोष निर्माण गर्ने कुरा जसपाको घोषणापत्रमा उल्लेख गरिएको छ।

कांग्रेसले घोषणापत्रमा वैदेशिक रोजगारीमा जानेहरूका लागि जानुपूर्व सीप र दक्षता अभिवृद्धिका लागि रूचि, क्षेत्र र आवश्यकता अनुसारको तालिम प्रदान गर्ने कुरासमेत उल्लेख गरेको छ। साथै, वैदेशिक रोजगारीमा गएर फर्केका श्रमिकहरूको सीप, दक्षता र आर्जन गरेको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरेर निवृत्तिभरण सरहको लाभांश पाउनेगरी लागानी गरिने जनाएको छ । कांग्रेसले जलविद्युत्, पूर्वाधार बैंक, आवासजस्ता आयोजना स्थानीय तहमा नै कार्यान्वयन गरिने र त्यसमा रोजगारीमा गएर आएका व्यक्तिहरूको लगानी गरी निवृत्तिभरण हुने गरी काम गरिने उल्लेख छ।

कांग्रेसले वैदेशिक रोजगारीसँगै गैरआवासीय नेपाली समुदायलाई पनि जोडेर उनीहरूको पुँजी, ज्ञान र सीपलाई समेत मुलुकको विकासमा लगाउने कुरा आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ।

एमालेले घोषणापत्रमा वैदेशिक रोजगारमा जानेका लागि एक स्थानीय तहमा एक तालिम केन्द्र स्थापनासँगै विदेशबाट फर्केका व्यक्तिहरूको ज्ञान, सीप र पुँजीको सदुपयोग गर्नेसम्बन्धी कार्यक्रम सञ्चालन गर्नेसमेत घोषणापत्रमा उल्लेख गरेको छ । समृद्धिका लागि सहकारी, स्थानीय पुँजीको संकलन, उद्यमशीलताको विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण गर्न सहकारीलाई विकास गर्ने भन्दै एमालेले युवाहरूलाई स्वदेशमै रोजगारी, सम्मान र समृद्धि हासिल गर्न सार्वजनिक, निजी र सहकारी माध्यमद्वारा औद्योगिकीकरण गर्दै उत्पादन वृद्धि गरी रोजगारी सिर्जना, गरिबी निवारण र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने बताएको छ। देशमा देखिएको बेरोजगारीको समस्याको समाधानका लागि प्रत्येक पालिकामा कम्तीमा एउटा औद्योगिक ग्राम र प्रत्येक प्रदेशमा कम्तीमा एउटा औद्योगिक क्षेत्र स्थापना गर्ने कुरा पनि एमालेको घोषणापत्रमा अटाएको छ।

उसले केही समयअघि स्थानीय तहमा स्थापना गरिएका रोजगार सूचना केन्द्रलाई थप प्रभावकारी बनाउँदै बेरोजगारको तथ्यांक संकलन गरी उनीहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध गर्नेसमेत बताएको छ। यसअघि घोषणा गरिएका सरकारी कार्यक्रम असफल भए पनि एमालेले स्वरोजगार बन्न चाहने बेरोजगारलाई सहुलियत ऋण वा अनुदान सहयोग उपलब्ध गराउने विषयलाई घोषणापत्रमा अटाएको छ।

श्रममन्त्री नेतृत्वको टोली आज मलेसिया जाँदै

काठमाडौं(प्र.स)- श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ नेतृत्वको टोली आज (बुधबार) मलेसिया जाने भएको छ। मलेसियाका मानव संशाधनमन्त्री सरवनन मुरुगनको निमन्त्रणामा मन्त्री श्रेष्ठ नेतृत्वको टोली चार दिने मलेसिया भ्रमणमा जान लागेको श्रम मन्त्रालयले जानकारी दिएको छ।

मन्त्री श्रेष्ठका साथमा सचिव एकनारायण अर्याल, सहसचिव राजीव पोखरेल, उपसचिव थानेश्वर भुसालसहितको टोली बुधबार दिउँसो मलेसिया जाने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ। भ्रमणका क्रममा मन्त्री श्रेष्ठले मलेसियाका समकक्षी मुरुगनसँग भेटवार्ता गर्ने छन्। सचिव अर्यालले मलेसियाको गृह मन्त्रालयका सचिव र सामाजिक सुरक्षा संगठनका प्रमुखसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ।



कुमारी डबल धमाका
CELEBRATING 21 years
THE YEAR OF FINANCIAL LITERACY-2022
७ वर्षमा डबल हुन्छ रकम
हर्षोल्लासको धमाका छ अनुपम

विशेषताहरू -
१. मुद्दती निक्षेपमा राखिएको रकम ७ वर्षमा दुई गुणा*
२. न्यूनतम मौज्दात - रू. १०,000
३. प्राप्त ब्याज जम्मा रकममा नै बढोत्तरी हुँदै जाने
४. मुद्दतीमा सजिलै ९०% सम्म कर्जा सुविधा

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

स्थानीय निर्वाचनः

जिल्ला–जिल्लामा पठाउन थालियो मतपत्र

■ **प्रभाव संवाददाता**

काठमाडौं– निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचन-२०७९ का लागि छपाइ भएका मतपत्र मंगलबारदेखि जिल्ला-जिल्लामा पठाउन थालेको छ। भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको कार्यालयबाट लोड भई मंगलबार कर्णाली प्रदेशका १० जिल्ला र सुदूरपश्चिम प्रदेशका तीन गरी १३ जिल्लामा मतपत्र पठाइएको आयोगले जानकारी दिएको छ। वैशाख १४ गते काठमाडौंबाट लामो दूरीमा पर्ने पूर्व र पश्चिमका गरी नौ जिल्लामा मतपत्र पठाइनेछ। वैशाख १२ गतेसम्म एक करोड ५४ लाख ८३ हजार (८० प्रतिशत) मतपत्र छपाइको कार्य सम्पन्न भइसकेको छ। निर्वाचनका लागि एक करोड ९४ लाख मतपत्र आवश्यक पर्ने अनुमान गरिएको छ। मंगलबार नै निर्वाचन सामग्री पुग्न बाँकी डोल्पाको दुनै र हुम्लाको सिमीकोटमा नेपाली सेनाको हेलिकोप्टरबाट सामग्री पठाइएको आयोगले जानकारी दिएको छ।

निर्वाचन सुरक्षा विषयक मुख्य प्रशिक्षक प्रशिक्षण

यसैबीच निर्वाचन आयोगले स्थानीय तह निर्वाचनका लागि मंगलबार निर्वाचन सुरक्षा विषयक मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ।

नेपाल सरकार, गृह मन्त्रालय, रक्षा मन्त्रालय, चारवटै सुरक्षा निकाय, आयोगका कर्मचारी र साझेदार संस्था युएनडिपी, इएसपीका प्रतिनिधि सहभागी सो प्रशिक्षण कार्यक्रमको आयोगकी आयुक्त डा.जानकीकुमारी तुलाधरले शुभारम्भ गरेकी थिइन्। प्रशिक्षणको दोस्रो सत्रमा आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले निर्वाचनसम्बन्धी कानुनी पक्ष, आयोगका सहसचिव तुलसीबहादुर श्रेष्ठले निर्वाचन कार्यक्रम र व्यवस्थापन, आयोगका उपसचिव सूर्यप्रसाद अर्यालले मतदान र मतगणना विषयमा प्रशिक्षणमा प्रस्तुति र सहजीकरण गरेका थिए। आयोगले निर्वाचनका लागि निर्वाचन आयोग, नेपाल र सामाजिक सञ्जाल भाइबरले आधिकारिकरूपमा आयोगको भाइबर ग्रुप औपचारिकरूपमा सुरु गरेको छ। आयोगले यस प्लेटफर्मको प्रयोग गरी नागरिक तथा निर्वाचन सरोकारवालालाई समयसापेक्ष, अद्यावधिक र सही सूचना उपलब्ध गराउनेछ। यस प्लेटफर्मको प्रयोग गरी निर्वाचनसम्बन्धी मतदाता शिक्षा र विभिन्न जानकारी प्राप्त गर्न सकिने आयोगले जनाएको छ।

हुलाक सेवालाई आधुनिकीकरण गर्ने तयारी

काठमाडौं (प्र)– सरकारले हुलाक सेवालाई समयानुकूल बनाउँदै अत्याधुनिक सेवा दिने गरी आगामी आवको बजेटमा विशेष व्यवस्था गर्ने भएको छ। अर्थ मन्त्रालयमा मंगलबार भएको छलफलमा अर्थमन्त्री जनार्दन शर्माले हुलाक सेवालाई आधुनिकीकरण गर्ने गरी कार्ययोजना ल्याउन र आगामी आवको बजेटमै यसलाई समावेश गर्न आग्रह गरेका हुन्।

'हाम्रो हुलाक सेवालाई आधुनिकीकरण गरौं। निजी क्षेत्रले कति प्रगति गरिसके, हामी चाहिँ पुरानै शैलीमा बसेर हुँदैन,' अर्थमन्त्रीले भने। आगामी आवको नीति तथा कार्यक्रम र बजेटका विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग मंगलबार अर्थले छलफल गरेको हो।

अर्थमन्त्री शर्मा, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, अर्थसचिव मधुकुमार मरासिनी, राजस्व सचिव कृष्णहरी पुस्कर, सञ्चार सचिव डा.वैकुण्ठ अर्याल, बजेट लेखन समितिका सदस्यलगायतको छलफलमा सहभागिता थियो। बैठकमा सञ्चार मन्त्रालयले नीति कार्यक्रम र बजेटमा समावेश गर्ने विषयबारे प्रस्तुत गरेको थियो। सञ्चार सचिव डा. अर्यालले गरेको प्रस्तुकिरणमा हुलाक सेवा परम्परागत शैलीले चलेकाले सुधारको खाँचो रहेको औंल्याइएको थियो।

अर्थमन्त्री शर्माले पुराना जनशक्तिलाई अवकाश दिई नयाँ जनशक्ति भर्ना गरेर भए पनि हुलाक सेवालाई नयाँ ढंगबाट चलाउनुपर्ने आवश्यकता रहेको बताए। सञ्चार मन्त्रालयले हुलाक कार्यालयलाई ई-कमर्स प्लेटफर्ममा पनि प्रयोग गर्नुपर्ने प्रस्ताव गरेको छ। दोलखामा फिल्म सिटी निर्माण गर्नुपर्ने सञ्चारको प्रस्तावमा अर्थमन्त्री शर्माले उपयुक्त साझेदार खोजेर कार्यक्रम र बजेट ल्याउन सुझाव दिए। सबै सरकारी निकायले विज्ञापनको भुक्तानी गर्दा तीन प्रतिशत रकम अनिवार्य रूपले कट्टा गर्ने र यसरी कट्टा गरिएको रकम विज्ञापन बोर्डको कोषमा दाखिला गर्ने व्यवस्था लागू गर्न पनि प्रस्ताव गरिएको छ। 'सबै कार्यालयबाट यसरी विज्ञापनबापत भुक्तानी हुने रकमको तीन प्रतिशत कट्टा गरी विज्ञापन बोर्डको कोषमा दाखिला गर्ने व्यवस्था हुने हो भने लोककल्याणकारी विज्ञापनको बजेट विनियोजनमा चाप पर्दैन,' सञ्चार सचिव अर्यालले भने।त

मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MALAYSIA STEEL WORKS (KL) BHD**

पूर्व स्वीकृति मिति २०७९/०१/१३ LT. No. 235280 चलानी नं.६०१७८५४७

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	RM	ने.रू.							
1	Factory Worker	30	0	1200	३४,०४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख २१ गते (4th May 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफैंले	रु.७००/– कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

APPOLO OVERSEAS SERVICES (P) LTD.
G.P.O. Box: 25038, Samakhushi, Ktm, Nepal,
Tel : +977-1-4363648, 4364403, Fax : +977- 1-4356951
Email: appolorecruit@wlink.com.np, Website: www.appolooverseas.com
Govt. License 586/062/063

विजयनगर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

खुरुहुरिया, कापिलबस्तु

लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७९/०१/१४

यस कार्यालयको आ.व. २०७८/७९ को खरिद कार्यको लागि मितिः २०७८/१०/२५ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्यादभित्र पर्न आएका बोलपत्रहरू मध्य न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको तपसिल बमोजिमको बोलपत्र प्राविधिक र आर्थीक प्रस्तावमा स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७प्रयोजनार्थ सम्बन्धीत सबै बोलपत्रदाताहरूको जानकारिको लागि ७ दिने यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

ठेक्का नं.	**योजनाको नाम**	**कबोल अंक(पि.एस. र मू.अ.कर समेत)**	**सिफारिस गरिएको निर्माण व्यवसायी**
15/NCB/WORKS/ BRM/2078-79	Construction of 15 Bed Primary Hospital Building.	रु.१८,१६,७१,६७८।०९	श्री BKOI/NawaNawasirjanshil J/V,Sinamangal,Kathamandu

प्रमुख प्रशासकिय अधिकृत

लुबाट बच्न स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौं (प्रस)– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तातो हावा (लु)बाट जोगिन आग्रह गरेको छ। गर्मीयाम बढेसँगै तराईमा तातो हावा चल्न थालेकाले मन्त्रालयले सूचना जारी गर्दै लुबाट बच्न दिउँसो घरबाट ननिस्कन आग्रह गरेको छ।

बाहिर निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने, फलफूलको रस वा पानी पिउने, धेरै पसिना आएमा कहिलेकाहीँ जीवनजल पिउने, चिसो पानीले नुहाउने, खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने, चिनीको मात्रा बढी भएको झोल पदार्थ बढी नपिउने, चिया, कफी, सोडाजस्ता पेयपदार्थ नपिउने भनिएको छ।

तातो हावाबाट श्वासप्रश्वासमा असर पर्ने, रक्तचाप कम हुने, शरीरबाट पिसिना निस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने, अचेत हुने, शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी हुनाका साथै छाला सुक्खा, रातो र तातो हुने गर्दछ।

काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्री संबन्धी सुचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०७९/०१/१४

यस सगुन सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट बिभिन्न आ.व.मा उत्पादन भई जिल्ला वन पैदावार आपुर्ति समिति, बर्दियालाई हस्तान्तरण गरिएको मध्ये समितिमा खपत हुन नसकी फिर्ता प्राप्त हुन आएको साल जातको बिभिन्न ग्रेडको जम्मा गोलिया थान ८० को ४०७.९१ घ.फि. काठ र साल जातको बाहुल्यता रहेको ३.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले गरी यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक संघसंस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ।

श्री सगुन सामुदायिक वन उपभोक्ता समूह
मधुवन न.पा.–२ सुन्दरपुर बर्दिया

Provincial Government
Sudurpashchim Province
Ministry of Physical Infrastructure Development
Water Supply and Sanitation Division Office
Rajpur, Doti

Invitation For Bids (IFB)

First Date Of Publication: April 26, 2022 (B.S.:2079-01-13)

Water Supply and Sanitation Division Office, Rajpur, Doti invites ***only*** electronic bids **(www.bolpatra.gov.np/egp)** for the Construction of Deep Bore Hole Using (Down-The-Hole Drilling) DTH Method including Installation, Development, Testing and All Other Related Works. Interested eligible Drilling Companies should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before May 26, 2022 (B.S.-2079-02-12) 12:00 noon.

Division Chief

Cyprusमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **E. ZAVRI EMPLOYMENT AGENCY LTD**

पूर्व स्वीकृति मिति २०७९/०१/१२ पून विज्ञापन स्वीकृति मिति २०७८/११/१० LT. No.260390 चलानी नं. ६०१७६५७१

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	EUR	ने.रू.							
1	DOMESTIC WORKER	0	14	314	४१,०७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौंमा, मितिः बैशाख २१ गते (4th May 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/– कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

AGNI OVERSEAS PVT. LTD.
Samakhushi, KTM, Nepal, Ph. : +977-4350389,9840411785
श्रम ईजाजत नं. ९५९/०६७/०६८

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Baba Royal Restaurant**

पूर्व स्वीकृति मितिः २०७९/०१/१३ LT. No.262284 चलानी नं.६०१७८५६०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रू.							
1	Beautician	0	1	1700	५६,९६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Driver	1	0	1400	४६,९१५							
3	Gen Clean Worker	2	0	1000	३३,५१०							
4	MANAGER	1	0	5700	१,९१,००५							
5	Receptionist	0	1	1100	३६,८६०							
6	SECRETARY	0	2	2100	७०,१७०							

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौंमा, मितिः बैशाख २१ गते (4th May 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/– कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५०० कामदार आफैले **सेवा शुल्क**: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Himalayan Valley Nepal Pvt.Ltd.
Gausala-9, Kathmandu, Nepal, Tel : +977-1-4110403, 4110453
E-mail : info@hvnepal.com,hvnepal2019@gmail.com
श्रम ईजाजत नं. १५२६/०७४/०७५

घोषणापत्र..

बाँकी पृष्ठ १ बाट जारी

परेन ठीकै छ। तर, कम्तीमा विषयको बहसमा आउन चाहेकोमा धन्यवाद छ उहाँलाई।'

ओलीले नेपाली कांग्रेसको घोषणापत्रले पार्टीको हविगत दर्शाएको टिप्पणी गरिदिएका थिए। जनताले उक्त घोषणापत्र नपढ्ने भन्दै ओलीले आफ्ना कार्यकर्तालाई कांग्रेस चिन्नका लागि पढ्न निर्देशन दिए। 'कांग्रेसको घोषणापत्र जनताले त पढ्दैनन्, हामीलेचाहिँ कांग्रेस चिन्नका लागि पढ्नुपर्छ। कांग्रेसको घोषणापत्र पढेर कांग्रेसको हविगतको इन्जोय गर्नुहोस्,' ओलीले भनेका थिए। कांग्रेस समर्थित कोही बुद्धिजीवी भए कांग्रेसको घोषणापत्रका पक्षमा लेख्ने हिम्मत गरेर देखाउनसमेत ओलीले चुनौती दिए।

ओलीको यही अभिव्यक्तिलाई लिएर कांग्रेस महामन्त्री शर्माले चुनावी मैदानमा घोषणापत्रदेखि उम्मेदवारको चरित्रसम्मको चिरफार गर्नुपर्ने जवाफ फर्काएका छन्। उनले मर्यादाभन्दा तल गालीमा नझर्नसमेत भनेका छन्।

'खरा प्रश्न गर्न जनतालाई अपिल गरौं, जिम्मेवार ढंगले जवाफ पेस गरौं। तर, मर्यादाभन्दा तल गालीमा नझरौं। सानोदेखि लागेको बानी भनेर निर्वाचन आचारसंहिताले उच्च तहलाई पनि घृणास्पद अभिव्यक्तिको छुट दिँदैन, चेतना भया,' शर्माले लेखेका छन्।

यसैबीच, कांग्रेस प्रवक्ता डा.प्रकाशरण महतले पनि ओलीले निर्वाचन आचारसंहिता उल्लंघन गरेको आरोप लगाए। उनले यसमा निर्वाचन आयोगको ध्यानाकर्षण गराएका छन्। महतले ओलीले मंगलबार दिएको अभिव्यक्ति खेदजनक रहेकोसमेत बताए।

मंगलबार कांग्रेस केन्द्रीय कार्यालय सानेपामा केन्द्रीय प्रचारप्रसार साँस्कृतिक समन्वय उपसमितिले आयोजना गरेको 'कांग्रेस नै चाहियो' नामक गीत विमोचन समारोहमा बोल्दै प्रवक्ता महतले एमाले अध्यक्ष ओलीले निर्वाचन आचारसंहिताको धज्जी उडाएको आरोप लगाए।

ओलीले आपत्तिजनक शब्दहरू प्रयोग गर्दा पनि निर्वाचन आयोगले ध्यान नदिएको भन्दै प्रवक्ता महतले ओलीको अभिव्यक्तिप्रति निर्वाचन आयोगको ध्यानाकर्षण गराए।

'देशमा निर्वाचन आचारसंहिता लागू भइसकेको छ, तर नेकपा एमालेका अध्यक्षको मुखबाट नेपाली कांग्रेस र कांग्रेसको घोषणापत्रप्रति निकै तल्लोस्तरको अभिव्यक्ति आएको छ। सामान्य अवस्थामा पनि बोल्न नहुने उहाँको अभिव्यक्ति खेदजनक छ। यसतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण होस्,' महतले भने।

उसो त प्रमुख राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा विपक्षी दलको कटु आलोचना गरेकै छन्। आफ्ना योजनाबोहक अन्य पार्टीको तीखो आलोचना र गाली घोषणापत्रमा अटाएका छन्। गालीको राजनीतिबाट प्रमुख दल अलग रहन सकेका छैनन्। पार्टीहरूबीचको तीखो घोचपेच घोषणापत्रहरूमा छरपष्ट देखिन्छ।

एमालेले आफ्नो घोषणापत्रमा प्रतिनिधिसभा विघटन बदर गर्ने सर्वोच्च अदालतको फैसला र गठबन्धन सरकारलाई तारो बनाएको छ, कांग्रेसले तत्कालीन नेकपा सरकार र एमालेलाई।

एमालेले अदालतको फैसलालाई 'राजनीतिक हस्तक्षेप र स्वार्थजन्य सेटिङ'को आरोप लगाएको छ। ओली सरकार बहिर्गमनपछिको सरकारलाई 'जनादेशलाई निषेध गर्दै बनेको सरकार'का रूपमा एमालेले अर्थ्याएको छ। 'प्रतिपक्षी दलका विरुद्ध मोर्चाबन्दी गर्ने, हिंसालाई दुरूत्साहन गर्ने, धम्कीको भाषा प्रयोग गर्ने र मुख्य राष्ट्रिय प्रश्नमा सहमति त कुरै छाडौं, सामान्य परामर्शसमेत गर्न अक्षम भएको,' गठबन्धनप्रति एमालेको टिप्पणी छ।

नेपाली कांग्रेसले पनि आफ्नो घोषणापत्रको सुरूबाटै तत्कालीन नेकपा सरकारको गतिविधिलाई तीव्र रूपमा आलोचना गरेको छ। पछिल्लो पाँच वर्षलाई कांग्रेसले 'खेर गएको पाँच वर्ष' भनेको छ।

'सात दशकको अकल्पनीय संघर्षपछि लेखिएको जनताको संविधान, लोकतन्त्र, अर्थतन्त्र, कूटनीति, सामाजिक सद्भाव र सहिष्णुतालगायत यो सम्पूर्ण व्यवस्थामाथि नै नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष केपी शर्मा ओलीको सरकारले गरेको सुनियोजित आक्रमणको फेहरिस्त निकै लामो छ,' कांग्रेसले घोषणापत्रमा भनेको छ।

यस्तै, नेकपा माओवादी केन्द्रले पनि तत्कालीन ओली नेतृत्वको सरकार र वर्तमान एमालेको आलोचना गरेको छ। घोषणापत्रमा माओवादीले आफूमात्र यो परिवर्तनको पक्षधर रहेको दाबी गरेको छ। 'जनक्रान्तिका उपलब्धिको रक्षा र बाँकी कार्यभारहरू पूरा गर्ने म्याण्डेडसहित जनादेशप्राप्त गरेको सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा गरिएको प्रतिनिधिसभा विघटनको असंवैधानिक र अलोकतान्त्रिक घोषणाले जनादेशको अपमानमात्र होइन, जनक्रान्तिका उपलब्धिसहित संविधान र लोकतान्त्रिक प्रणालीमाथि गम्भीर प्रहार गर्न पुग्यो,' माओवादीले आफ्नो घोषणापत्रमा भनेको छ।

एमालेबाट विभाजन भएको नेकपा एकीकृत समाजवादीले पनि एमालेकै आलोचनामा घोषणापत्रका केही पृष्ठ खर्च गरेको छ। एमालेबाट छुट्टिएर असल कम्युनिस्ट बन्ने प्रयत्न गरेको एकीकृत समाजवादीको दाबी छ। ओली सरकारबाट जनताले गरेका अपेक्षामाथि कुठाराघात भएपछि ओलीको दक्षिणपन्थी अवसरवादका विरूद्ध समयमै विद्रोह गरि कम्युनिस्ट आन्दोलनलाई जोगाउने प्रयास गरेको घोषणापत्रमा उल्लेख छ।

यसरी सार्वजनिक कार्यक्रममा मात्र होइन, लिखित दस्तावेजका रूपमा रहने घोषणापत्रमा पनि दलहरूले एकअर्कालाई गाली गर्ने काम छाडेका छैनन्। जनताहरूले कसका कुरा पत्याउँछन् र कसलाई निर्वाचित गर्छन्, त्यसका लागि अब केही हप्ता मात्र बाँकी छ। तर, नेताहरूले भने आफ्ना विपक्षीलाई खुइल्याउन हदैसम्मको प्रयास गरिरहेका छन्। विपक्षीलाई खुइल्याउँदै गर्दा आफू पनि खुइलिएको हेक्का सायदै राखेका होलान्।

सैनामैना नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही

आशय पत्र सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०७९-०१-१४

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः

ठेक्का नं	बोलपत्रदाताको नाम	विवरण	कबोल अंक (मु.अ कर सहित) रु.
NCB/12/078-079	श्री प्रतिभा- मोर्डन जे.भी., सैनामैना-०२	Road Maintenance Works at Ward No. 1, 4, 5, 6, 8 and 11 of Sainamaina Municipality	६४,७४,२१८।७८

परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेलधुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/०१/१३)

यस कार्यालयबाट मिति २०७८/११/०१ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार रितपुर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभुत प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

ठेक्का नं.	बोलपत्रदाताको नाम	आयोजनाको नाम	बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र PS सहित)
19/WORKS/NCB/PM/2078/2079	श्री इन्द्रधनुसिताराम जे.भी, धनगढी-०४, कैलाली	Construction Of Saleta-Simalbanda-Palgadhi Road, Parshuram Municipality-11, Saleta	रु. २,२६,९४,२८६।५६

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जावलाखेल, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मितिः २०७९/०१/१४ गते

यस आयोजनाको तपसिलका कार्यहरू गर्ने सम्बन्धमा मिति २०७९/११/०१ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्रको आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरूको मुल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सोहि ऐनको ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि. नं	ठेक्का नं.	कार्य विवरण	छनौट भएको बोलपत्रदाताको नाम	कबोल रकम रु (मूल्य अभिबृद्धि कर बाहेक)
१	IDSC_Saptari/NCB/COB/05/2078/079	Construction of office Building for Khando River Management Project, Rajbiraj, Saptari	OM SAI-Kanchan JV, Thasikhel, Lalitpur, Nepal	३,५२,२१,५८३/००
२	IDSC_Kaski/NCB/COB/06/2078 /079	Construction of office Building for Rupatal conservation integrated development Project. Pokhara, Kaski,	Ecovus Construction Pvt.Ltd, Tarkeshwor -07, Kathmandu	४,४९,३४,८५३/०७
३	IDSC_Dang/NCB/ COB/07/2078/ 079	Construction of office Building for Mega Dang Valley Irrigation Project" Tulsipur, Dang,	Kamakhya Construction Pvt. Ltd Koteshwor,Kathmandu	३,९३,३९,०५२/८०
४	IDSC_Bardiya/NCB/COB/08/2078/079	Construction of Office Building for Rajapur Irrigation management Office, Rajapur, Bardiya,	Indradhanu Achham Nirman Sewa, Tikapur, Kailali	४,१८,३३,०५४/६०

आयोजना प्रमुख

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौँ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔँ, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौँ।
- चुरोट बिँडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौँ र आगो राम्रोसँग निभाऔँ।

कलैया उपमहानगरपालिका बारा

नीलकण्ठ नगरपालिका, धादिङ

मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAR PLASTICS INDUSTRIAL COMPANY SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०१/१३ LT. No. :258404 चलानी नं. ६०१७८५३०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	RM	ने.रू.							
1	Factory Worker	23	0	1200	३४,०८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख २१ गते (4th May 2022) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

BISHOJYOTI HR SOLUTION PVT. LTD.

श्रम ईजाजत नं. १३१५/०७४/०७५

Dhapasi-3, Basundhara, Kathmandu,Tel: +997-1-4016667
Email: nilkantha2014@gmail.com

ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

कम्पनी : SEASON MALAYSIA MANUFACTURING SDN. BHD.

Pre Approval Date : 2079-01-13 LT. No.262277 Invoice No. 60178565
पूर्व स्वीकृति मिति : २०७९/०१/१३ एल टि न. २६२२७७ चलानी नं.६०१७८५६५

सि.नं S.N.	कामदारको पद Worker's Position	माग संख्या Required No's		न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब: Monthly Salary		ओभर टाईम सुविधा OT Facility	प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day	हप्तामा काम गर्ने दिन Working Day Per Week	वार्षिक बिदा Annual Leave	खाना सुविधा Food Facility	बस्ने सुविधा Accomodation Facility	करार अवधि Contract Period
		पुरुष Male	महिला Female		रिङ्गिट MYR	ने.रू. NPR							
1	Factory Worker	10	0	सम्बन्धित काममा दक्ष	1200	३३,७२०	क. नियम अनुसार As per the company rule	८ घण्टा 8 Hours	६ दिन 6 Days	क. नियम अनुसार As per the company rule	छैन No	छ Yes	दुई वर्ष 2 Years

Interview will be conducted on 4th May, 2022 in office premisees.
अन्तर्वाता मिति २०७९ बैशाख २१ गते कार्यालय परिसरमा हुनेछ।

कम्पनी : ZENITH HITECH (M) SDN BHD

Pre Approval Date : 2079-01-13 LT. No.262278 Invoice No. 60178566
पूर्व स्वीकृति मिति : २०७९/०१/१३ एल टि न. २६२२७८ चलानी नं.६०१७८५६६

सि.नं S.N.	कामदारको पद Worker's Position	माग संख्या Required No's		न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब: Monthly Salary		ओभर टाईम सुविधा OT Facility	प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day	हप्तामा काम गर्ने दिन Working Day Per Week	वार्षिक बिदा Annual Leave	खाना सुविधा Food Facility	बस्ने सुविधा Accomodation Facility	करार अवधि Contract Period
		पुरुष Male	महिला Female		रिङ्गिट MYR	ने.रू. NPR							
1	Factory Worker (Manufacturing Sec.)	2	0	सम्बन्धित काममा दक्ष	1200	३३,७२०	क. नियम अनुसार As per the company rule	८ घण्टा 8 Hours	६ दिन 6 Days	क. नियम अनुसार As per the company rule	छैन No	छ Yes	दुई वर्ष 2 Years

Interview will be conducted on 5th May, 2022 in office premisees.
अन्तर्वाता मिति २०७९ बैशाख २२ गते कार्यालय परिसरमा हुनेछ।

नोट: आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।

Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical)	विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country	स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom	कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost	भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost
रोजगारदाताले ब्यहार्ने By the Employer	रोजगारदाताले ब्यहार्ने By the Employer	रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/-	रोजगारदाताले ब्यहार्ने By the Employer	रोजगारदाताले ब्यहार्ने By the Employer	रोजगारदाताले ब्यहार्ने By the Employer	ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer	रोजगारदाताले ब्यहार्ने By the Employer

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — **ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer**

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — **रोजगारदाताले ब्यहार्ने** By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।

J.P. OVERSEAS PVT.LTD does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

J.P. Overseas Pvt. Ltd.

श्रम ईजाजत नं. १२५७/०७४/०७५

Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-4490851
E-mail:info@jpoverseasnepal.com, Web:www.jpoverseasnepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

अनलाइन प्रणाली व्यवस्थित गर

कुनै पनि सेवाप्रदायक निकायले आफ्ना सेवाहरू अनलाइन प्रणालीमा रूपान्तरण गर्नु सुखद् पक्ष हो । यसले सेवाग्राहीको समयको बचत मात्र हुँदैन कार्यालयमा हुने भीडभाड र झन्झट पनि कम गर्छ । कतिसम्म भने कार्यालयको सरसफाइमा पनि यसले टेवा पुग्छ । सेवाप्रदायक कार्यालयको काम चुस्त बनाउन प्रविधिको प्रयोग गर्नु निकै वैज्ञानिक हो । हामी विज्ञान र प्रविधिको युगमा बाँचिरहेका छौं भन्दै गर्दा यसको प्रयोगमा छौं कि छैनौं भन्ने कुरा महत्त्वपूर्ण रहन्छ । यसलाई हामीले जीवनमैत्री बनाउन सक्यौं कि सकेनौं भन्ने कुराको पनि अर्थ रहन्छ ।

खासगरी सेवाग्राहीको धेरै चाप हुने कार्यालय, निकाय र संस्थाका सेवाहरू अनलाइन प्रणालीमा रूपान्तरण गर्नु आवश्यक छ । अहिले धेरैले यसतर्फ आफूलाई रूपान्तरण पनि गरेका छन् । सायद यही कुरालाई मध्यनजर गरेर हुनुपर्छ वैदेशिक रोजगार विभागले पनि वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति दिने काम पूर्णरूपमा अनलाइन प्रणालीमा लगेको छ । व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति यसअघि नै अनलाइन प्रणालीमा लगेको विभागले संस्थागत श्रम स्वीकृतिलाई पनि केही दिनअघिदेखि अनलाइनमा लगेको छ ।

तर, यसका बारेमा जानकारी नहुँदा, प्रयोगको विधिबारे जानकारी नहुँदा सेवाग्राहीले दुःख पाउन थालेको गुनासो बढ्न थालेको छ । वास्तवमा कुनै पनि चिजको प्रयोगको सान्दर्भिकता, त्यसको उपयोग विधिबारे त्यसका सेवाग्राही जानकार हुँदैनन् तब त्यो सेवा निष्प्रभावी बन्न सक्छ । कुनै पनि व्यक्ति जन्मिँदै सबै कुरा सिकेर आएको हुँदैन । व्यक्तिले समयक्रमसँगै, आफ्नो हुर्काइसँगै धेरै कुरा सिक्दै जान्छ । एक दशक अघिसम्म मोबाइल प्रयोगबारे समेत मानिसमा जानकारी कमै थियो । तर, अहिले हात हातमा मोबाइल पुगेको छ । मोबाइलमात्रै पुगेको छैन त्यसबाटै गर्न सकिने धेरै सेवा र सुविधा हातैमा पुगेको छ । मानिसहरू मोबाइललाई जीवनको अभिन्न अंग बनाउन थालेका छन् ।

त्यसकारण वैदेशिक रोजगार विभागले पनि आफ्नो अनलाइन प्रणालीबारे आमजनले जानकारी पाउने गरी बताउनुपर्छ । त्यसको प्रयोग कसरी गर्ने, समस्या आए के गर्नेजस्ता विषयमा सेवाग्राहीलाई जानकारी दिनुपर्छ । अभिमुखीकरण गर्नुपर्छ ।

व्यवसायीहरूले अनलाइन प्रणालीलाई प्रभावकारी नबनाएका कारण समस्या भोग्नुपरेको गुनासो गरिरहेका छन् । अनलाइन प्रणालीले सुविधाभन्दा समस्या थपिदिएको उनीहरूको भनाइ छ । अनलाइन प्रणालीमार्फत श्रम स्वीकृतिका लागि समय धेरै लाग्ने गरेको व्यवसायीहरू बताउँछन् । भौतिक उपस्थितिभन्दा अनलाइनबाट सेवा प्रदान गर्न छरितो हुने भनेरै विभागले अनलाइन प्रणाली लागू गरेको हो । यो सराहनीय कार्य पक्कै हो । तर, कार्यालयमै उपस्थित भएर सेवा लिँदाको भन्दा अनलाइन प्रणालीबाट बढी समय लाग्ने हो भने त यसको अर्थ रहँदैन ।

त्यसकारण अनलाइन प्रणालीलाई छरितो र व्यवस्थित बनाउनैपर्छ । अनलाइन प्रणाली व्यवसायीको सहजता र कार्यालयको सेवा छरितो बनाउनका लागि ल्याइएकोमा दुईमत छैन । तर, पहिले दुई दिनमा हुने कामका लागि अहिले एक हप्ता खर्चिनुपर्ने अवस्था आउनु पक्कै सुखद् होइन । यसमा ध्यान दिनैपर्छ । अब विभागले अनलाइन प्रणालीलाई व्यवस्थित गरेर सेवाग्राहीमैत्री बनाउनुपर्छ । त्यसो हुँदा मात्र कार्यालयले तय गरेको उद्देश्य पूर्ति हुनेछ । लक्ष्य भेटिनेछ । यसमा विभागको ध्यान जाओस् ।

स्वरूप फेर्दै वाल्मीकि विद्यापीठ

▶▶ प्रकाश सिलवाल

'गणेशको आकृति त दुरुस्तै बनेको छ । व्यासको चाहिँ अलि मिलिसकेको छैन,' अध्यापक र विद्यार्थी परिसरमा उभिएर दंग पर्दै भलाकुसारी गर्दै छन् । वाल्मीकि विद्यापीठ (क्याम्पस) परिसरका भित्तामा कला-मजदुरहरूले रङरोगनसहित चित्र कोर्ने काम गरिरहेका छन् । सरस्वती र बुद्धको चित्र पनि कोरिँदै छ । विगतमा कच्ची सडकजस्तो देखिने क्याम्पसको परिसर अहिले ब्लक राखेर ढलान गरिएको छ भने विगतमा फोहोर देखिने यही ठाउँ अहिले सफासुग्घर देखिएको छ । मर्मतपछि अहिले विद्यापीठको प्वाल परेको छत टालिएको छ । अहिले छानो चुहिँदैन, शौचालयमा दुर्गन्ध छैन । प्रवेशद्वारमा खुलारूपमै बग्ने ढल अहिले टुकुचासम्म व्यवस्थापन भएको छ । गुणस्तरीय पिउने पानीको उपलब्ध भएको छ ।

'पाँचौं वेद' 'महाभारत' लेख्न बस्दा व्यासले संस्कृतमा श्लोक भन्दै जाने र गणेशले टिप्दै जाने गरेर कथा पूरा गराएको पौराणिक किंवदन्ती छ । हिन्दू धर्ममा गणेशको पूजा गर्दा ज्ञान, विवेक, प्रसिद्धि, ख्याति र धन पाउन सकिने विश्वास गरिन्छ भने व्यासलाई भगवान् विष्णुका २४ अवतारमध्येका एक मानिन्छ । परिसरमा उनीहरूको आकृतिले विद्यापीठलाई वास्तविक पाठशाला बनाएको अनुभव हुन थालेको छ । परिसरको बीच भागमा राखिएको पं सोमनाथ सिग्द्यालको अर्धकदको मूर्तिलाई पनि अहिले सजाइएको छ ।

नेपाल संस्कृत विश्वविद्यालयको एक मुख्य पहिचानका रूपमा काठमाडौं महानगरपालिका-२८, प्रदर्शनीमार्गस्थित उक्त क्याम्पस मर्मत सम्भारपछि चिटिक्क बनेसँगै यहाँ अहिले बेग्लै प्रकारको चहलपहल देखिन्छ । विश्वविद्यालयका कुलपति प्रा.डा. यादवप्रकाश लामिछानेले आफू पदमा आएपछि क्याम्पस अनुगमन गर्न जाँदा देखिएको अस्तव्यस्तता र जीर्णावस्था देखेर कार्यकारी परिषद्बाट ५० लाख रूपैयाँ विद्यापीठलाई मर्मतका लागि निकासा दिने निर्णय गराइएपछि हाल सुधारका काम भएको बताए । विश्वविद्यालयका कुलसचिव माधव अधिकारी विद्यापीठकै पूर्वविद्यार्थी भएकाले पनि सो अनुदानको निर्णयका लागि सहज भएको थियो ।

कुनै निकायमा नयाँ योजना वा बजेट पर्नु मात्रै महत्त्पूर्ण होइन, केका लागि माग्ने भन्ने योजना पेस गर्न सक्ने र त्यसको उपयोग गर्न सक्ने क्षमता पनि कार्यान्वयनकर्ता पक्षसँग हुनुपर्छ । वि.सं. २०७७ फागुन १३ मा नियुक्त भएदेखि नै क्याम्पसका प्रमुख प्रा.डा. भागवत ढकालमा पुनःनिर्माण र मर्मतका लागि तीव्र हुटहुटी थियो, जुन अहिले पनि अन्त्य भएको छैन । उनकै आग्रहमा कामपा-२८ का सहयोगमा ढल व्यवस्थापन, परिसरमा ब्लक राख्नेजस्ता काम भएको छ भने हेल्पिङ हयाण्डको १५ लाख रूपैयाँ सहयोगमा गुणस्तरीय खानेपानीको व्यवस्था भएको छ ।

अरूको सुझाव, आफ्नै रुचि र रहरले संस्कृत विषय पढ्नेहरूको संख्या अहिले पनि कम छैन । विद्यापीठमा प्राक्शास्त्रअन्तर्गत अनिवार्य व्याकरण, अनिवार्य संस्कृत भाषा, वेद, व्याकरण, न्याय, ज्योतिष, शास्त्रीमा संस्कृत, अंग्रेजी, नेपाली, ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, व्याकरण, नव्यन्याय, प्राचीनन्याय, साहित्य, सिद्धान्तज्योतिष, फलितज्योतिष, इतिहासपुराण, पूर्वमीमांसा, शांकर वेदान्त, धर्मशास्त्र, सर्वदर्शन, तन्त्रयोग, बौद्ध दर्शन, प्राच्यराजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, गणितलगायत पढाइ हुन्छ । आचार्यतर्फ चारै वेद, नव्यन्याय, प्राच्यराजशास्त्रलगायत विषय अध्यापन हुन्छ । अहिले छ महिने कोर्सअन्तर्गत कर्मकाण्ड र योग तथा प्राकृतिक चिकित्साको पनि पढाइ तथा अभ्यास हुँदै आएको छ । यस्ता कोर्समा पूर्वराष्ट्रसेवक र समाजका विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता हुने गरेको क्याम्पस प्रमुख ढकालको भनाइ छ ।

काठमाडौंको केन्द्रमा रहेको २२ रोपनी १२ आना जग्गा रहेको यस विद्यापीठले दरबार हाइस्कुल (संस्कृत मावि), रानीपोखरीमा एक वर्षे शिक्षाशास्त्र कार्यक्रम सञ्चालन गर्दै आएको छ । सबै तहमा गरी हाल करिब एक हजार विद्यार्थी र १६५ शिक्षक छन् ।

वाल्मीकि विद्यापीठ नेसंविका १४ आंगिक क्याम्पसमध्येको एक त्यस्तो क्याम्पस हो जहाँ अहिले पनि धर्मशास्त्र, ज्योतिष, वेद आदि विषयमा परामर्श लिन मानिसहरू आउने गर्छन् । यहाँ रहेका १७ विभागले त्यस्तो परामर्श दिने गर्छन् । वि.सं. २००९ मा 'राजकीय संस्कृत महाविद्यालय'को नाम दिइएको उक्त संस्था २०२४ मा वाल्मीकि संस्कृत महाविद्यालय र २०३० सालपछि वाल्मीकि विद्यापीठ नामकरण भएको थियो । २०४३ मा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयको आंगिक विद्यापीठका रूपमा यसले मान्यता पाएको थियो ।

इतिहासमा संस्कृत शिक्षा

नेपालमा संस्कृत शिक्षालाई सर्वसुलभ बनाई संस्कृत वाङ्मयभित्रका आध्यात्मिक मूल्यमान्यता तथा उदात्तभावलाई समयको मागअनुरूप प्रवाहित गराउने उद्देश्यले बेलझुण्डी दाङमा २०४३ साल मंसिर २५ मा विधिवत् रूपमा नेसंवि (तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय) स्थापना भएको हो । नेपालमा संस्कृत शिक्षाको संस्थागत एवं तहगत विकास गर्ने केन्द्रका रूपमा विकसित गर्ने उद्देश्यअनुरूप तत्कालीन राजा महेन्द्रले सुरुआत गरेको कामलाई राजा वीरेन्द्रको सक्रियता तथा संस्कृत अनुरागी नेपाली जनताको त्याग र अथक परिश्रमबाट हालको नेसंवि स्थापना भएको हो । नेपालमा गणतन्त्रको स्थापनापछि २०६३ सालमा यसको नाम परिवर्तन भई नेसंवि रहन गयो । नेपालमा उच्च तहसम्म सुव्यवस्थित किसिमले संस्कृत शिक्षाको पठनपाठन गराई दक्ष जनशक्ति उत्पादन गर्ने, संस्कृत विद्याले विविध क्षेत्रमा प्राप्त गर्दै आएका विशेष उपलब्धिलाई समयानुसार अध्ययन, अनुसन्धान, संरक्षण र सम्वर्द्धन गर्दै 'वसुधैव कुटुम्बकम,' 'सर्वे भवन्तु सुखिनः' जस्ता उदात्त भावना प्रवाहित गराउने, नेपालमा अति प्राचीनकालदेखि नै रहँदै आएको संस्कृत विद्याको गौरवमय परम्परालाई निरन्तरता दिई संस्कृत शिक्षामार्फत आत्मनिर्भर जनशक्ति तयार गरी राष्ट्रिय आवश्यकता परिपूर्ति गर्ने, सामाजिक आश्यकतानुसार संस्कृत वाङ्मयमा अन्तर्निहित शास्त्रीय तथा प्रायोगिक विषय आयुर्वेद, योग तथा प्राकृत चिकित्साजस्ता बहुपयोगी विषयको अध्ययन, अनुसन्धान तथा प्रशिक्षण गराई ज्ञानविज्ञानका पक्षलाई उजागर गर्ने र प्राचीन वाङ्मयमा निहित परम्परागत धर्म, नैतिक मूल्यमान्यता, सदाचार र सच्चरित्रको परिपालना गर्दै संस्कार, सभ्यताजस्ता विशिष्टताको खोजी गरी तिनको संरक्षण र सम्वर्द्धन गर्ने ध्येय सो विश्वविद्यालयको स्थापना भएको हो ।

राणा प्रधानमन्त्री जंगबहादुर राणाले वि.सं. १९३९ मा स्थापना गरेको राजराजेश्वरी पाठशाला वि.सं. १९४२ मा रानीपोखरी पाठशालामा रूपान्तर भएको थियो । काठमाडौं उपत्यकामा संस्कृत भाषाको पठनपाठन यहीँबाट आरम्भ भएको हो । वि.सं. १९९० मा छिमेकी भारतको वाराणसीस्थित ' गभर्नमेन्ट संस्कृत कलेज' बाट सम्बन्धन लिई यसै पाठशालामा संस्कृतमा उच्च तहको तथा वि.सं. २००४ देखि संस्कृतका अतिरिक्त आधुनिक विषयको पनि पठनपाठन हुन थालेको थियो ।

प्रमुख ढकालले भौतिक पूर्वाधारका साथै प्राज्ञिक क्षेत्रमा पनि आफू आएपछि सुधारका पहल भएको बताउँदै कोभिड-१९ को बन्दाबन्दी समयमासमेत 'भर्चुअल' माध्यमबाट वेदमा के छ, इतिहासपुराणको आवश्यकता किन जस्ता विषयमा संवादका शृंखला चलाइएको जानकारी दिए । अहिले प्राध्यापकका लागि अलग्गै कक्षा निर्माण गरिएको तथा सेवानिवृत्त हुने प्राध्यापकका विशेष सम्मानमा बिदाइ कार्यक्रम राख्ने परम्परा बसाइएको छ । अनुसन्धानमूलक जर्नलको प्रकाशन पनि हुन थालेको छ । यी सबै सुधारका काममा आफूले विद्यार्थी, प्राध्यापक र कर्मचारीको साथ पाएको विद्यापीठ प्रमुख डा. ढकाल बताउँछन् ।

क्याम्पसले सटरको भाडा समयमा नउठ्ने, कम मूल्यमा भाडा लगाइने, समयमा सम्झौता नवीकरण हुने, अख्तियार दुरूपयोग अनुन्धान आयोगमा मुद्दा खेपिरहने जस्ता समस्या समाधान गर्दै बोलपत्र आह्वान गरेर भाडावृद्धिसहित सम्झौता गराएर आम्दानी बढाउन पनि थालेको छ । भाडाबाट मात्रै हाल क्याम्पसलाई मासिक करिब २० लाख रूपैयाँ आम्दानी हुने गरेको छ । उक्त आम्दानी विश्वविद्यालयकै खातामा जम्मा हुन्छ । कुनै शीर्षकमा खर्च गर्नुपरेमा विश्वविद्यालयका अनुमति दिनुपर्ने हुन्छ ।

पुस्तकालय भवन लागि बजेटको खोजी

प्रमुख ढकाल विनासकारी भूकम्पबाट प्रभावित पुस्तकालय भवन पुनःनिर्माण गराउनका लागि बजेट खोज्न लागेका छन् । उनले गत साता शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगका अधिकारीलाई सोका लागि २५ करोड रूपैयाँको प्रस्तावना पेस गरेका छन् । भूकम्पपछि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणमार्फत यहाँस्थित भारतीय दूतावासका सहयोगमा पुस्तकालय पुनःनिर्माण हुने भनिए पनि निर्माणमा भारतीय कम्पनी मात्र समावेश हुन सक्ने बोलपत्रको प्रावधानका कारण दुईपल्ट बोलपत्र आह्वान गरिए पनि र ती कम्पनीले ताकिएको बजेट सीमाभन्दा बढी हुने गरी प्रस्ताव पेस गरेकाले प्रक्रिया अवरुद्ध भएको छ ।

> क्याम्पसले सटरको भाडा समयमा नउठ्ने, कम मूल्यमा भाडा लगाइने, समयमा सम्झौता नवीकरण हुने, अख्तियार दुरूपयोग अनुन्धान आयोगमा मुद्दा खेपिरहने जस्ता समस्या समाधान गर्दै बोलपत्र आह्वान गरेर भाडावृद्धिसहित सम्झौता गराएर आम्दानी बढाउन पनि थालेको छ । भाडाबाट मात्रै हाल क्याम्पसलाई मासिक करिब २० लाख रूपैयाँ आम्दानी हुने गरेको छ । उक्त आम्दानी विश्वविद्यालयकै खातामा जम्मा हुन्छ । कुनै शीर्षकमा खर्च गर्नुपरेमा विश्वविद्यालयका अनुमति दिनुपर्ने हुन्छ ।

विश्वविद्यालयका नयाँ चार वर्षे शास्त्री तहको कोर्सअनुसार सेटमा पुस्तक उपलब्ध नहुनेजस्ता क्याम्पसका विद्यार्थीलाई समस्या हुने गरेको छ भने कक्षाकोठामा पर्याप्त सेतोपाटीको सुविधा उपलब्ध हुन सकेको छैन । यहाँ रहेको वेदशाला पनि हाल नचल्ने अवस्थामा छ । ग्रहको अध्ययन गर्न सकिने मौलिक प्रकारको सो वेदशाला नेपालमा अन्यत्र छैन । यसको पुनःस्थापना हुने तयारीमा छ । रासस

मनन्योग्य

विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो । मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एव्म प्यारो साथी हुन् । अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ । यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१ सन्धि - शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनु-दिनुको सम्झौता गर्नु ।

२ विग्रह - शत्रु वा अरु विर्धमी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु ।

३ यान - शत्ररलाई आक्रमण गर्नु ।

४ आसन - उत्तेजित पार्ने खालको शत्ररको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु ।

५ द्वैधीभाव - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ ।

क्रमशः

पत्र–मञ्जुषा

स्थानीय तहका उम्मेदवारसँग जनताको आकांक्षा

यही वैशाख ३० गते हुने स्थानीय तहको चुनावबाट निर्वाचित भएर आउने जनप्रतिनिधिहरूले जनताका जीवनस्तर माथि उठाउने विषयमा अघि बढ्ने हुन् या दलीय संयन्त्रमै अल्झिएर अन्य कार्यमा प्रतिस्पर्धा गर्ने हुन् समयले बताउनेछ । यहाँ गहन विषय त यो छ कि त्यहाँ पार्टीले छनोट गरी पठाउने उमेदवारहरू हाम्रा मानिस हुन् कि, राम्रा उमेदवार हुन्, त्यो मतदाताले विचार पुऱ्याउने कुरा हो ।

जनताको स्वर्णिम भविष्य त्यसैमा निर्भर हुनेछ । यसर्थ यहाँ सचेतता यो पनि जनतामा दिलाउनु जरुरी भएको छ कि बाटो बन्नु बनाउनु मात्र ठूलो कुरा होइन, त्यसको दिगोपन पनि हुनु जरुरी छ । पारदर्शी हुनु पनि जरुरी छ । त्यसबाट जनतालाई नोक्सान पुग्यो कि फाइदा त्यो पनि कुरा छ । या अनावश्यक ठाउँमा अनावश्यक रूपले बाटो बनाएर जनताका अचल सम्पत्तिलाई अतिक्रमण गरी भूमाफियाका व्यवसायमा उत्थान गरेका हुन्, विचारणीय छ । र, प्रमाणित तर्कहरू पत्रकारले पनि पुस्टचाइदिनु पेसागत धर्म र कर्तव्य हो ।

विगतमा त्यस्तो भए/गरिएको देखिएन, पाइएन । सवाल म माथि पनि उठाउन सकिन्छ । तत् विषयमा राष्ट्रिय दैनिक पत्रपत्रिकामा मैले धेरै विषय प्रवेश गरी प्रकाशन गराएको हुँ । र, बनेका करिडोर लगत कट्टा गर्न नसकेको र बाटोमा गइसकेको जग्गाको पनि जग्गाधनीले मालपोत कर बुझाइरहनु परेको र स्थानीय सरकारले जग्गाको क्षतिपूर्ति दिएको नपाएको विषय उठान गरिदिएको थिएँ । अझै कति बनिसकेका बाटो र कतिपय रजिष्टर्डमा बाटो जनाइसकेका र नक्सामासमेत बाटो देखिइसकेर सरकारी बाटोमा जोडिसकेका बाटाहरूमा पनि केही व्यक्ति विशेषकै नाममा जग्गा भनी मोठ श्रेस्तामा रहेकाले त्यस्ता विषयमा भोलि पनि कचिंगल र झमेला उठ्न जाने विषयहरू छन् । के यस विषयमा स्थानीय सरकार चलाउँछु भन्ने बुद्धि, विवेक आगामी स्थानीय सरकारको ध्यान पुग्न सक्छ ? के बनिसकेका बाटाघाटा नेपाल सरकारको नाममा ल्याउन सक्छ ? कि अलपत्र नै रहिरहन्छ ? के सुकेका पानीका मुहानहरू र जनताले धेरै अगाडिदेखि खाँदै आएका पानीको मुहान सुक्नेगरी नजिकै डिप बोरिङ नगरी पानीका उपभोक्ता समितिलाई व्यवस्था गर्ने छ या वैकल्पिक व्यवस्थाहरू मिलाइनेछ ? के जनताका स्वास्थ्य समस्याहरूलाई राम्रो र व्यवस्थित तरिकाबाट समस्यापूर्तिहरू हुनेगरी गरिने छन् ? के जनताले उब्जनी गरेका कृषि उत्पादनका खाद्य वस्तुहरू र दुग्ध वा दुग्धपदार्थहरूबाट बनेका आदिको उचित राम्रो बजार व्यवस्था स्थानीय सरकारले मिलाउन सक्ला ? के सरकारले भूकम्पपीडितहरूले पाएका कुनै पनि सरकारी सुविधाहरूबाट कहीँ पनि वञ्चित गरिने छैन भनी ग्यारेन्टीपीडित जनतासमक्ष गर्नेछ ? के स्थानीय सरकारले अब सरकारी स्कूलहरूको पठनपाठनलाई स्तरीय बनाई शिक्षाको लगानीमा खेर जान नदिई प्रोत्साहन दिनेछ ? के स्थानीय तह र जिल्ला सरकारी कार्यालयमा भइरहेका भ्रष्टाचारका मात्रालाई न्यूनीकरण गर्दै लैजान सक्ला ? सामाजिक न्यायलाई कायम राख्ने काममा जिम्मेवारपूर्वक लागिपर्ने छ त ? यस्तै अनेकन विषयकामा अबका स्थानीय सरकारले पहिलो प्राथमिकतामा राखेर काम गर्ने घोषणापत्र राम्रो र जनताका रुचिकर उमेदवारको चरित्र चयन गरी उठाउने गरेमा जनताको राजनीतिप्रतिको वितृष्ण कम भइजाने र जनताले पनि हेर्नुपर्ने दायित्व हुनेछ । अन्यथा आफूले चुनेको उमेदवारले बोलिए यो सुनिदिएन यो गरिदिएन भन्नुको कुनै तुक रहने छैन । सचेत भइ चुनावमा भाग लिई अमूल्य मतदान गर्न अनुरोध गर्दछु ।

यज्ञबहादुर कार्की, गुण्डु, भक्तपुर

जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

गोरखामा एक हजार ९५७ जनाको उम्मेदवारी दर्ता

■ प्रभाव संवाददाता

गोरखा– आसन्न स्थानीय तह निर्वाचनका लागि गोरखामा १ हजार ९ सय ५७ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

११ स्थानीय तह रहेको गोरखामा स्थानीय तहको प्रमुख/उपप्रमुख, वडाध्यक्ष र सदस्यका लागी उनीहरूले उम्मेदवारी दर्ता गराएका हुन् ।

गोरखा नगरपालिकामा मेयर उपमेयर सहित बिभिन्न पदका लागी ३ सय १७ जनाले उम्मेदवारी दिएका छन् । मेयरमा ९ उपमेयरमा ८ जनाको उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार १४ वडाको अध्यक्षका लागी ८७ जनाको उम्मेदवारी परेको छ । सदस्यमा २ सय ६७ जनाले उम्मेदवारी दिएको कार्यालयका सहायक निर्वाचन अधिकृत रामचन्द्र केसीले बताए ।

पालुङटार नगरपालिकामा कुल ३ सय १३ जनाले उम्मेदवारी दिएका छन् । मेयर पदका लागी १२, उपमेयरमा ७ र बाँकीले वडाध्यक्ष र सदस्यमा मनोनयन दर्ता गराएको निर्वाचन अधिकृत गोकर्णराज पन्तले बताए ।

सिरानचोक गाउँपालिकाको बिभिन्न पदमा २ सय ८ जनाले उम्मेदवारी दिएका छन् । प्रमुखमा ७, उपप्रमुखमा ८ र वडा अध्यक्षमा ४६ जनाले मनोनयन दर्ता गराएको निर्वाचन अधिकृत डोलनाथ न्यौपानेले बताए ।

धार्चे गाउँपालिकामा १ सय ४४ जनाको उम्मेदवारी परेको छ । गाउँपालिका अध्यक्ष र उपाध्यक्षमा ५/५ जना र वडा अध्यक्षमा २९ जनको उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

आरुघाट गाउँपालिकामा २ सय ४४ को उम्मेदवारी परेको छ । अध्यक्षमा ६, उपाध्यक्षमा ५ र वडा अध्यक्षमा ४९ जनाको उम्मेदवारी परेको निर्वाचन अधिकृत श्रीधर गौतमले बताए ।

भिमसेन थापा गाउँपालिकामा १ सय ७८ जनाको उम्मेदवारी परेको छ । अध्यक्षमा ६, उपाध्यक्षमा ५ र वडा अध्यक्षमा ३९ जनाको उमदवारी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

अजिरकोट गाउँपालिकामा १ सय २३ जनाको उम्मेदवारी परेको छ । अध्यक्ष पदका लागी ८, उपाध्यक्षमा ५ जनाको उम्मेदवारी परेको निर्वाचन अधिकृत कमलराज भण्डारीले बताए ।

शहिद लखन गाउँपालिकामा १ सय ८६ जनाको उम्मेदवारी परेको छ । अध्यक्षमा ६ र उपाध्यक्षमा ४ जनाले उम्मेदवारी दिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

बारपाक सुलिकोट गाउँपालिकामा बिभिन्न पदका लागी ६ सय ६१ जनाको उम्मेदवारी परेको छ । अध्यक्षमा ५ जनाको उम्मेदवारी परेको छ भने उपाध्यक्षमा ५ र वडा अध्यक्षमा ४० जनाले उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृत शेषकान्त पौडेलले बताए ।

गण्डकी गाउँपालिकामा १ सय ६९ जनाले उम्मेदवारी दिएका छन् । अध्यक्षमा ९, उपाध्यक्षमा ५ र वडा अध्यक्षमा ३८ जनाले मनोनयन दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

चुमनुव्री गाउँपालिकामा ७५ जनाले उम्मेदवारी दिएका छन् । अध्यक्षमा ५, उपाध्यक्षमा ४, वडा अध्यक्षमा १९ जनाले उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृत नानीबाबु पोखरेलले बताए । वडा नम्बर ६ को अध्यक्ष सहित ८ सदस्यमा भने एकल उम्मेदवारी परेको उनले जानकारी दिए ।

Provincial Government

Sudurpaschim Province

Ministry of Physical Infrastructure Development

Transport Infrastructure Directorate

Infrastructure Development Office

Bajhang

nvitation for Bids

First Date of publication:- 27 April, 2022 (2079/01/14)

1. Infrastructure Development Office, Bajhang invites only electronic bids from eligible bidders for the Contracts given in the following table under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Infrastructure Development Office, Bajhang, and inspect the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Hrs on 27,May, 2022 (2079/02/13). The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on 27 May, 2022 (2079/02/13) at Infrastructure Development Office, Bajhang.
3. Bidder are advised to visit and study the site conditions / location of the project before submitting the bid. The summary of contracts is given below.

S N	Contract ID No	Project Name	Minimum Work Experience of Similar Size & Nature	Bid Document Fee, NRs	Average Annual Constrution Turnover (AACT), NRs	Bid Security, NRs
			Single Entity or All Partners Combined in case of JV			
1	IDO/BJH/NCB/W/R/10/078-079	Construction & Upgrading of Patihalna-Talkot-Saipal-Humla Road (Patihalna-Kholi-Jhanana-Jadar Section), Bajhang	Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 87840000.00 that have been successfully or are substantially completed and that are similar to the proposed works.	10000.00	8,23,50,000.00	27,50,000.00
2	IDO/BJH/NCB/W/R/11/078-079	Construction & Upgrading of Bitthad-Bijgada-Rankek-Bhamchaur-Chuwaban-BinayakRoad(Bitthad-Suilek-Patalbazar-Bijgada section)	Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 81,940,000.00 that have been successfully or are substantially completed and that are similar to the proposed works..	10,000.00	8,38,00,000.00	25,70,000.00
3	IDO/BJH/NCB/W/R/12/078-079	Construction & Upgrading of Rithapata-Bhyandhunga-Sirupata-Surma Road	Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 64,480,000 that have been successfully or are substantially completed and that are similar to the proposed works..	10,000.00	8,06,00,000.00	20,20,000.00
4	IDO/BJH/NCB/W/R/13/078-079	Construction & Upgrading of Katai-Para-Gotanna-Jayprithivi Road	Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 29,340,000 that have been successfully or are substantially completed and that are similar to the proposed works..	5,000.00	5,50,10,000.00	9,30,000.00
5	IDO/BJH/NCB/W/R/14/078-079	Construction & Upgrading of Khaptad Bahiri Chakrapath Road,	Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 29,320,000.00 that have been successfully or are substantially completed and that are similar to the proposed works..	5000	5,49,70,000.00	9,30,000.00
6	IDO/BJH/NCB/W/R/15/078-079	Construction& Upgrading of Talkot-Lokhand Road	Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 23,450,000.00 that have been successfully or are substantially completed and that are similar to the proposed works..	5000	4,39,60,000.00	7,40,000.00
7	IDO/BJH/NCB/W/RB/01/078-079	Construction of Bameligad RCC Bridge	Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 32,240,000.00that have been successfully or are substantially completed and that are similar to the proposed works..	5000	6,04,50000.00	10,20,000.00

Office chief

मोटरसाइकल हराएको सूचना

मिति २०७८/०७/१६ गते निम्न विवरणको पल्सर २२० CC Pulsar रातो कालो रङ्को मोटरसाइकल भक्तपूर सूर्यविनायक नगरपालिका वडा नं.८ जगाती सिपाडोल स्थित झोला कारखाना अगाडी पार्किङबाट चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

सवारी धनीको नाम : विक्रम माझी
बाइक नं. : बा.प्र.०२-०२८ प.९९४०
च्यासिस नं.:MD2A13EX9MCB85322
इन्जिन नं. : DKXCMB 79598
ठेगानाः भक्तपूर,सूर्यविनायक न.पा.वडा नं.८
मो. : ९८४३५८१९३५ , ९८४१६५२८०४

प्रभाव दैनिक

रूपशाला

भिडियोमा 'भन को थियो ?'

गायक केशव भावुकको स्वर रहेको गजल गीत 'भन को थियो' को म्युजिक भिडियो सार्वजनिक भएको छ। गीतमा शब्द न्युजिल्याण्डनिवासी गीतकार नमिता दवाडीको रहेको छ । हरि लम्सालले संगीत दिएको यस गीतलाई उदयराज पौडेलले संगीत संयोजन गरेका छन् । दीपक गिरीले छायांकन गरेको यस भिडियोलाई विकास दाहालले सम्पादन गरेका हुन् ।

बुधबार, १४ वैशाख २०७९ (Wednesday, April 27, 2022)

फोटो पत्रकारको जोखिम झल्काउने प्रदर्शनी

प्रदर्शनीमा राखिएको फोटो अवलोकन गर्दै एक महिला । *तस्बिरः सम्झना राई/प्रभाव*

■ प्रभाव संवाददाता

काठमाडौं– प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले फोटो सत्य, तथ्य र निष्पक्ष हुनुपर्ने बताएका छन् । फोटो पत्रकार क्लव 'पिजे क्लव' नेपालले ९५औं राष्ट्रिय फोटो पत्रकारिता दिवसको अवसरमा मंगलबार आयोजना गरेको फोटो प्रदर्शनीको उद्घाटन समारोहमा उनले उक्त कुरा बताएका हुन् । सबै पत्रकारले पत्रकारिताको मूल्य मान्यता र आचारसंहिताअनुसार काम गर्नुपर्ने उनको भनाइ थियो ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले फोटोले पाठकलाई थप आकर्षित र समाचारलाई थप विश्वसनीय बनाउने बताए । उनले पत्रकारिता पेसालाई सुरक्षित बनाउन सरकारले बनाउने कानुन प्रेसमैत्री हुनुपर्ने बताए ।

पिजे क्लवकी अध्यक्ष श्रुती श्रेष्ठले क्लवले फोटो पत्रकारका पेसागत हक, हित र सुरक्षामा काम गर्दै आएको जानकारी दिइन् । राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिकलगायत क्षेत्रमा काम गर्दा फोटो पत्रकारले भोग्नुपरेको जोखिमहरूलाई समावेश गरेर प्रदर्शनी आयोजना गरिएको उनले बताइन् ।

क्लवले 'लेन्सबाट फोटो पत्रकारिता' शीर्षकमा फोटो प्रदर्शनी आयोजना गरेको हो । वसन्तपुरमा आयोजित प्रदर्शनीमा फोटो पत्रकारहरूले कार्यसम्पादन गर्दा भोग्नुपरेका चुनौती र जोखिम झल्काउने ३० वटा फोटो राखिएका थिए ।

नेपाल पत्रकार महासंघ र सेन्टर फर मिडिया रिसर्च नेपालसँगको सहकार्यमा प्रदर्शनी आयोजना गरेको क्लवका महासचिव प्रकाशचन्द्र तिमसिल्नाले जानकारी दिए । 'एउटा फोटो खिच्न पत्रकारले कति मेहनत गर्नुपर्छ भन्ने देखाउन फोटो प्रदर्शनी आयोजना गरेका हौं,' उनले भने ।

*–**ज्ञानी ढकाल**, प्रशिक्षार्थी पत्रकार*

रंगशाला

नेपाल टी-२० क्रिकेट लिग आयोजना हुने

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल क्रिकेट संघ (क्यान) ले नेपाल टी-२० क्रिकेट लिग आयोजना गर्ने भएको छ । क्यानले सोमबार विज्ञप्ति जारी गर्दै नेपाल टी-२० प्रतियोगिता आयोजना गर्ने घोषणा गरेको हो ।

यसका लागि क्यानले दुई महिना अगाडि नै राष्ट्रिय खेलकुद परिषद् (राखेप)बाट अनुमति पाएको विज्ञप्तिमा जनाइएको छ । भारतीय कम्पनी सेभेन थ्री स्पोर्ट्स नेपाल टी-२० लिगको रणनीतिक र कर्मसियल साझेदारीको रूपमा रहनेछ । क्यानले नेपाल टी-२० आयोजना गर्न यसअघि नै सेभेन थ्री स्पोर्ट्ससँग आठ वर्षका लागि ३३ करोड रूपैयाँको सम्झौता गरेको छ । सेभेन थ्री स्पोर्ट्ससँग सम्झौता १० वर्ष भए पनि दुई वर्ष घटाउँदै आठ वर्षमा झारेको हो ।

CAN

नेपाल प्रिमियर लिग अन्य कसैले दर्ता गराएको हुँदा नेपाल टी-२० को नामबाट आयोजना गर्न लागिएको क्यानका कार्यवाहक सचिव प्रशान्तविक्रम मल्लले बताए । प्रतियोगिता सेप्टेम्बरमा आयोजना गर्ने तयारी भइरहेको क्यानले जनाएको छ ।

यस्ता प्रतियोगिताले नयाँ र युवा खेलाडीलाई अगाडि बढाउन सहयोग पुग्ने नेपाली टोलीका कप्तान सन्दीप लामिछानेले बताए । नेपाल टी-२० प्रतियोगिताले क्रिकेट विकाससँगै अन्तर ाष्ट्रिय प्रदर्शनमा सुधार आउने क्यानका अध्यक्ष चतुरबहादुर चन्दको विश्वास छ ।

एन्फा महिला संघको अध्यक्षमा लामा

■ प्रभाव संवाददाता

काठमाडौं– अखिल नेपाल फुटबल संघ (एन्फा) महिला संघको अध्यक्षमा पेमा डोल्मा लामा निर्वाचित भएकी छन् । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबार भएको निर्वाचनमा लामा ३६ मतसहित विजयी भएकी हुन् ।

निर्वाचनमा खसेको ४२ मतमा अध्यक्षकी अर्की प्रत्यासी विमला पौडेलले मात्रै छ मत प्राप्त गरेकी थिइन् । लामा एन्फा केन्द्रीय सदस्य र महिला समिति संयोजक पनि हुन् । तीन उपाध्यक्षमा प्रमिला सिंह श्रेष्ठ, लुना प्रधान र कमला हिराचन विजयी भएका छन् । श्रेष्ठले ३८, प्रधानले ३५ र हिराचनले ३४ मत प्राप्त गरेकी थिइन् । उपाध्यक्षकी अर्की प्रत्यासी रमा भट्टराईले मात्रै सात मत प्राप्त गरिन् ।

सात सदस्य भने यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् । जसमा निवर्तमान अध्यक्ष विन्द्रा देवा, दीपा क्षेत्री, सरिला श्रेष्ठ मलकु, सरस्वती श्रेष्ठ, लीलामाया थापा, चन्द्र भण्डारी र विना श्रेष्ठ रहेका छन् ।

अहिले असार ६ गते हुने एन्फा निर्वाचनका लागि एन्फा सदस्य संस्थाहरूको निर्वाचन भइरहेको छ । तीन जिल्लाबाहेक सबै सदस्य संस्थाको निर्वाचन सम्पन्न भएको छ । स्थगित सुर्खेत, गोरखा र सिन्धुलीको भने निर्वाचन केही दिनमा तोकिने एन्फाले जनाएको छ ।

चेलिनीद्वारा सन्यासको घोषणा

■ प्रभाव संवाददाता

काठमाडौं– इटालियन भेट्रान डिफेन्डर तथा कप्तान जर्जियो चेलिनीले अन्तर्राष्ट्रिय फुटबलबाट सन्यासको घोषणा गरेका छन् । ३७ वर्षीय चेलिनीले आउँदो जुनमा अर्जेन्टिनासँग हुने मैत्रीपूर्ण खेलपछि सन्यास लिने बताएका हुन् ।

आगामी १ जुनमा युरोकपको विजेता इटाली र कोपा अमेरिका विजेता अर्जेन्टिनाबीच वेम्वली रंगशालामा मैत्रीपूर्ण खेल हुने तालिका तय भएको छ । सोही खेल अन्तर्राष्ट्रिय खेल जीवनको अन्तिम खेल हुने चेलिनीले बताएका छन् । उनले सोमबार राति सिरी 'ए' अन्तर्गत युभेन्टसले सस्सुलोमाथि २-१ को जित हात पारेपछि पत्रकारसँग सन्यासको विषयमा बोलेका हुन् । 'यदि म ठीक छु भने, म खेल्नेछु र राष्ट्रिय टोलीलाई वेम्वलीमा बिदाइ लिनेछु, अर्जेन्टिनाजस्तै उत्सवमूलक खेलको साथ राष्ट्रिय टोलीबाट गुडबाइ भन्न पाउनु राम्रो हुनेछ, राष्ट्रिय टोलीका लागि यो अन्तिमपटक हुनेछ,' उनले भने ।

इटालीले युरो-२०२० को उपाधि जित्दा चेलिनीले इटालीको कप्तानी गरेका थिए । युरोकपको च्याम्पियनसमेत रहेको इटाली कतारमा हुने विश्वकपमा भने छनोट हुन असफल भएको थियो । उपाधिको दावेदार र चारपटकको विश्व विजेता इटाली विश्वकपमा छनोट हुन नसकेपछि विश्वकप खेलेर सन्यास लिने उनको सपना भने अधुरै रह्यो ।

मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CE TECHNOLOGY SDN BHD

पुर्व स्वीकृति मिति २०७६/११/30 LT. No. 262173 चलानी नं. ६०१७८५४५

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker (Manufacturing Sec.)	30	20	1200	३३,०९५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : KAGA COMPONENTS (MALAYSIA) SDN BHD

पुर्व स्वीकृति मिति २०७६/११/३० LT. No. 262283 चलानी नं. ६०१७८५५०

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker	80	20	1200	३३,०९५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : KALIJ DELIVERY

पुर्व स्वीकृति मिति २०७६/११/३० LT. No. 262048 चलानी नं. ६०१७८५४६

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker	3	0	1500	४२,५५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : NORES INDUSTRIES SDN BHD

पुर्व स्वीकृति मिति २०७६/११/३० LT. No. 262282 चलानी नं. ६०१७८५५५

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker	20	10	1200	३३,०९५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : PMC PRECISION SDN BHD

पुर्व स्वीकृति मिति २०७६/११/३० LT. No. 262175 चलानी नं. ६०१७८५४४

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker (Manufacturing Sec.)	8	0	1200	३३,०९५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : YEH CHANG HEAT TREATMENT (M) SDN BHD

पुर्व स्वीकृति मिति २०७६/११/३० LT. No. 262267 चलानी नं. ६०१७८५५६

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker (Manufacturing Sec.)	10	0	1200	३३,०९५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख २१ गते (4th,May 2022) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैँले	बिमा हुने /प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले दिने	रु.७००/- कामदार आफैँले	कामदार आफैँले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.

श्रम ईजाजत नं. १४५५/०७४/०७५

Dhapasi-9,basundhara Tol, Kathmandu,Tel: +997-1-4356889

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Royal For Trading Contracting Hospitality and Services

पूर्व स्वीकृति मिति २०७९/०१/१३ LT. No. : 262325 चलानी नं. ६०१७४४३०

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव QR	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Gen Clean Worker	10	0	1000	३३,९३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौमा, मिति: बैशाख २१ गते (4th May 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५०० कामदार आफैले सेवा शुल्क: नि:शुल्क

